# गुणस्तरीय चिया उत्पादन मापदण्ड कार्यान्वयन कार्यविधि २०७५

## प्रस्तावना

सूर्योदय नगरपालिकाले यस क्षेत्रमा प्रमुख नगदेवालीको रुपमा रहेको चिया र यस क्षेत्रका चिया उद्योगहरुको परिमाणात्मक गतिसँगै चियाको गुणात्मक पक्षतर्फ सचेत रहन अन्य राष्ट्रिय स्तरमा स्वीकार्य हुने मापदण्ड अनुरुप उत्पादन गर्न, आन्तरिक बाह्य बजार प्रवर्द्धन गर्न, स्थायी बजार र उपभोक्ता सुरक्षित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सूर्योदय कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ को अधिनमा रही सू.न.पा. क्षेत्रमा गुणस्तरीय चिया उत्पादन एवं प्रशोधन साथै न्यूनतम हरियो चियाको मूल्य निर्धारण सम्बन्धमा देहाय बमोजिम कार्य सम्पादन गर्ने गरी यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम "गुणस्तरीय चिया उत्पादन मापदण्ड कार्यान्यन कार्यविधि २०७५" रहने छ ।

ख. यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा**

क. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

- समिति भन्नाले सम्बन्धित सरोकारवालाहरु मध्येबाट गठन भई यस कार्यविधि कार्यान्वयन गर्न गठित अधिकार सम्पन्न समिति भन्ने बुझ्नुपर्छ ।
- चिया उत्पादक भन्नाले Camellia, विरुवाको पात, मुना, सुइरो रोपण, उत्पादन गरी कच्चा पदार्थ विक्री गर्ने भने बुझिन्छ ।
- चिया प्रशोधक भन्नाले हरियो चियापत्तीको प्रशोधन गरी तयारी चियामा परिणत गरी विक्री गर्ने व्यक्ति, उद्योग र कारखाना समेतलाई बुझाउँछ ।
- चिया संकलक भन्नाले उत्पादकहरुद्वारा उत्पादित कच्चा पदार्थ संकलन एवं कारखाना प्रशोधक सम्म ढुवानी गरी पुऱ्याउने व्यक्तिलाई जनाउँछ ।
- चिया व्यवसाय भन्नाले चियाको उत्पादक, संकलक, प्रशोधन, प्याकेजिङ्ग एवं बजारीकरणलाई बुझाउँछ ।
- Fineness % भन्नाले चियाको हरियोपातको नरमपनालाई बुझाउँछ । जसको निर्धारण अनुसूची १ बमोजिम भएको हुनेछ ।

**३. उत्पादन मापदण्ड**

सूर्योदय नगरपालिका क्षेत्रमा हरियो चियापत्तीको उत्पादन, प्रशोधन, संकलन गर्ने व्यक्ति संघ संस्थालाई देहाय बमोजिमको मापदण्डको पालना गर्नुपर्नेछ ।

- चिया उत्पादक एवं प्रशोधनकर्ताहरुले गुणस्तरीय पत्ती उत्पादन र प्रशोधनमा जोड दिनुपर्नेछ ।

- पहाडी भूगोलको चियामा हुने मौलिक गुणस्तरमा कायम गरी चिया उत्पादन प्रशोधन गर्नु गराउनु पर्नेछ । हरियो चियापत्ती भारत तथा तराईतर्फ र तराईबाट पहाडतर्फ ल्याएर प्रशोधन गर्न पाइने छैन ।
- हरियो चिया उत्पादकले असल कृषि अभ्यास (GAP) आधारित भई पत्तीको उत्पादन गर्नुपर्नेछ । जथाभावी विषादीको प्रयोग गर्न पाइने छैन । चिया क्षेत्रमा प्रयोग हुने रसायनिक पदार्थ विक्री वितरण गर्ने व्यवसायीले रासायनिक मल, विउ, विषादीको विवरण गुणस्तर र मुल्यसूची सहित नगरपालिकाको शाखाबाट दर्ता तथा अनुमति पत्र लिएको हुनुपर्नेछ ।
- हरियो चियापत्ति प्रशोधन उद्योग तथा संकलकले असल प्रशोधन अभ्यास (GMP) मा आधारित भई पत्तीको प्रशोधन गर्नुपर्दछ ।
- ४०% भन्दा कम गुणस्तरको पत्तीको खरिद तथा विक्रीलाई निरुत्साही गरिनेछ । यदि अनुगमनको क्रममा कारखानामा न्यूनत्तम भन्दा कम गुणस्तरको पत्ति फेला परेमा समितिले निर्णय गरी सो पत्तीलाई नष्ट गर्न सक्नेछ ।
- ४०% न्यूनत्तम नरमपात (Fineness%) भएको पत्तीको न्यूनत्तम मूल्य रु. ४० प्रति किलो कायम गरिएको छ । यो मूल्य भन्नाले कलेक्सन सेन्टरको मूल्य भन्ने बुझिन्छ ।
- सूर्योदय नगरपालिकाले चिया उत्पादन र व्यवसायलाई आवश्यक पर्ने पूँजीको प्रवाहलाई सरलीकरण गर्न पहल गर्नेछ ।
- चिया अनुसन्धानशाला तथा चिया अक्सन बजारको पूर्वाधार तयार गर्न शुरु गरिनेछ ।
- चिया निर्यातको लागि आन्तराष्ट्रिय स्तरमा प्रचारप्रसार गरिनेछ ।
- चिया खेतीमा संलग्न किसानहरुलाई सहकारीताको सिद्धान्त अनुसार संगठित गराउँदै लगिनेछ ।
- सूर्योदय नगरपालिका भित्र चिया प्रांगरिक गर्न आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) प्रारम्भ गरिनेछ ।
- सूर्योदय क्षेत्रमा रहेको प्याकेजिङ्ग लाइसेन्स दिएका प्याकेजरहरुको प्याकेजिङ्गको समय-समयमा नियमन अनुगमन गरिनेछ ।
- चिया व्यवसायमा संलग्न कृषक, उत्पादक, संकलक तथा प्रशोधनकर्ता अनिवार्य रुपमा नगरपालिकामा दर्ता भई वार्षिक रुपमा नवीकरण गर्नुपर्नेछ ।
- यो आचारसंहिता नागरपालिका भित्र रहेका चिया व्यवसायमा संलग्न सबै खाले कृषक, उत्पादक, सहकारी, संकलक एवं प्रशोधनकर्ताले पालना गर्नुपर्नेछ ।
- सबै प्रशोधनकर्ताले हरियो ग्रेडिङ्ग विधि तथा नागरपालिकाले जारी गरेको आचारसंहिता प्रष्टसँग देखिने गरी सूचना पाटीमा टाँसेको हुनुपर्दछ ।
- गुणस्तरीय चिया उत्पादनका लागि एक छुट्टै सरोकारवालाहरुको समिति गठन गरी अनुगमन निरीक्षण गरिनेछ ।

- तोकिएको गुणस्तर बमोजिमको न्यूनतम मूल्य यदि कुनै पक्षले कार्यान्वयन नगरे गुणस्तर विगार्न वा उक्साउन खोजे र यो आचारसंहिता पालन नगरे कानून बमोजिम कडा भन्दा कडा कारवाही गरिनेछ ।
- यो आचारसंहिता वा कार्यविधि आवश्यकता अनुसार नगर कार्यापालिकाले परिमार्जन तथा पूनःमूल्यांकन गर्न सक्नेछ ।

**४. समितिको गठन**

क. खण्ड (३) बमोजिमका मापदण्ड पालना भए नभएको अनुगमन गर्न सरोकारवालाहरुको एक समिति गठन गरिनेछ ।

ख. समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| सू.न.पा. विषयगत शाखा प्रमूख | : संयोजक |
| चिया कृषक प्रतिनिधि | : ४ जना सदस्य |
| ठूला प्रशोधक प्रतिनिधि | : २ जना सदस्य |
| साना प्रशोधनकर्ता प्रतिनिधि | : २ जना सदस्य |
| उद्योग वाणिज्य महासंघ प्रतिनिधि | : १ जना सदस्य |

चिया विस्तार योजनाको योजना प्रमूख वा निजले तोकेको व्यक्ति : १ जना सदस्य सचिव

**५. समितिको काम कर्तवय अधिकार**

- खण्ड (३) का मापदण्डहरु लागू गर्ने गराउने ।
- चिया प्रशोधक एवं उत्पादकहरुको समय समयमा अनुगमन गर्ने ।
- खण्ड (३) को मापदण्ड पालना नभएको पाइएमा कारवाहीको सिफारिस नगरपालिकालाई गर्ने ।
- समितिले आवश्यक परेमा सरोकारवालाहरु संयुक्त वा छुट्टाछुट्टै बैठक डाक्न सक्नेछ ।
- समितिले आवश्यक परेमा विषय विशेषज्ञहरु राखी छलफल गर्नेछ ।
- नेपाल सरकारको मापदण्ड बमोजिम समितिका सदस्यहरुलाई बैठक एवं भ्रमण भत्ता उपलब्ध गराइनेछ ।
- समितिको बैठक अध्यक्षले तोके बमोजिम मासिक न्यूनतम १ पटक वा आवश्यक परेमा सो भन्दा बढी बस्न सक्नेछ ।

**अनुसूची १**

## हरियो पत्ती ग्रेडिङ्ग विधि

- सुइरो, एक पात सुइरो, दुई पात सुइरो छ भने लिने ।
- एक पात नरम बाँफी छ भने लिने ।

- तिन पात तथा चार पात एक सुइरोबाट दुई पात एक सुइरो चुडेर लिने ।
- दुई पात बाँझी तथा चार पात माथिको पत्ती नलिने ।
- कालो पात, रोग किरा लागेको पत्ती नलिने ।

नोट : सय ग्राम पत्तिको नमूनाबाट माथि उल्लेखित पत्तीको बजन लिएर ग्रेडिङ्ग प्रतिशत पत्ता लगाउने